# विनियोजन ऐन, २०८०

**प्रस्तावनाः** भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भुम्लु गाउँपालिकाको गाउँसभाबाट पारित गरियो।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन, २०८०"रहने छ। (२) यो ऐन मिति २०८०।०४।०१ देखि लागू हुनेछ।

**२. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष२०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६६,८२,१९,१२८/- (छैसठ्ठीकरोड बयासीलाख उन्नाइसहजार एकसय अठ्ठाइस रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः**(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०(दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकम पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ।

अनुसूची– १

# भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्लेभुम्लु, काभ्रेपलाञ्चोक

## आ.व. २०८०।०८१ को अनुमानित आय/व्यय विवरण

| आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|
| | शीर्षक | आय | शीर्षक | व्यय |
| नेपाल सरकारबाट प्राप्त अनुदान | समानीकरण | ८१६०००००० | गाउँपालिकास्तरीय योजना/कार्यक्रम | ८८९१८१५४ |
| | सर्शत | २२१७०००००० | वडास्तरीय योजना/कार्यक्रम | ४१६५०००० |
| | विशेष अनुदान | ८०००००० | समपुरक योजना/कार्यक्रम | १३०००००० |
| | समपुरक अनुदान | ८०००००० | कार्यसञ्चान तथा प्रशासनिक व्यय | १३९५००००० |
| | राजश्व बाँडफाँड | ७४१८२६०० | आ.व. ०७९/८० को सिर्जित दायित्व | ३१०००००० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | समानीकरण | ७६६२००० | शाखागत योजना/ कार्यक्रम | ८५८३२९७४ |
| | सर्शत | १७६१८००० | सशर्त बजेट | २६८३१८००० |
| | विशेष अनुदान | ८०००००० | | |
| | समपुरक अनुदान | ५०००००० | | |
| | राजश्व बाँडफाँड | २१३९९८०७ | | |
| गाउँपालिकाको आन्तरिक आय | गिट्टी, ढुङ्गा, वालुवाबाट प्राप्त हुने आय | ५००००००० | | |
| | राजश्व तथा आम्दानी | १५०००००० | | |
| नगद मौज्दात | | ६६५४७७४८ | | |
| वास्तविक बजेट | | ५८४७१०१५५ | | |
| घाटा बजेट | | (-८३५०८९७३) | | |
| कुल अनुमानित बजेट | | ६६८२१९१२८ | | ६६८२१९१२८ |